निर्णय :-
विगत केही दिन देखि देशको विभिन्न भागमा परेको अविरल वर्षाका कारण ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली, परिवारजनमा समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय :-
यस सप्तरी जिल्लाका विभिन्न भागमा विगत केही दिन देखिको वर्षाले पुऱ्याएको क्षति न्यूनीकरण गर्नका साथै बाढी पिडीतहरुको उद्धार एवं राहतकार्यमा सक्रियतापूर्वक संलग्न भई योगदान पुऱ्याउने सम्पूर्ण सुरक्षा निकाय, स्थानीय तह, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, गै.स.स.हरु तथा स्थानीय नागरिक समाजलाई यस समितिका तर्फबाट धन्यवाद दिने निर्णय गरियो ।

निर्णय :-
गृह मन्त्रालय, विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा (राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र) को मिति २०७६।०३।३० च.नं. ४४१ को पत्र साथ प्राप्त विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकका निर्णयहरु आजको यस बैठक मार्फत जानकारी गराइ सम्बन्धित निकायहरुले सो निर्णयमा उल्लेख भए बमोजिमका कार्यहरु गर्ने गराउने निर्णय गरियो ।

निर्णय :-
विगत केही दिन अघि देखि परेको अविरल वर्षाका कारण आएको बाढी तथा डुबानका कारण जिल्लाका विभिन्न स्थानमा परेको प्रभावका सन्दर्भमा बैठकमा अवगत गराउनका साथै तत्काल खोज तथा उद्धार कार्यको समिक्षा गरियो ।

निर्णय :-
जिल्लामा तत्कालै विषयगत क्षेत्रहरु (Clusters) को छुट्टाछुट्टै बैठक राखी आ-आफ्ना क्षेत्रबाट सम्पादन गरिने कार्यको योजना र भएका विपद्को लेखा जोखा गरी जिल्ला प्रशासन कार्यालय मार्फत समितिमा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय :-
अवरुद्ध भएका आधारभूत आवश्यकताका पूर्वाधारहरु जस्तै सडक, पुल, विद्युत, टेलिफोन, खानेपानी शीघ्र सुचारु गराउन सम्बन्धित कार्यालयहरुले तत्काल आवश्यक कार्य गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय :-
बाढी पिडीतहरुलाई राहत वितरण सम्बन्धी कार्य गर्दा एकद्वार प्रणाली मार्फत गर्नु/गराउनु पर्ने नीतिलाई कडाईका साथ लागू गर्न राहत वितरण गर्दा जिल्ला/स्थानीय विपद् व्यवस्थापन समितिको स्वीकृति एवं रोहबरमा मात्र गर्ने सुनिश्चित गर्दै त्यस्तो स्वीकृति बिना राहत वितरण गरेको पाइएमा स्थानीय प्रहरी मार्फत नियन्त्रणमा लिने निर्णय गरियो ।

निर्णय :-
यस जिल्लाको कुनै भागमा अस्थायी/स्थायी प्रकृतिको सुरक्षित आश्रय स्थल (Shelter) निर्माण गर्न आवश्यक भएमा सो क्षेत्रको स्थानीय तहले आफ्नो सिफारिस सहित सोको जानकारी जिल्ला प्रशासन कार्यालय सप्तरीलाई यथाशीघ्र पठाउने र त्यस्तो माग प्राप्त हुन आएमा सो (Shelter) निर्माणका लागि केन्द्रमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय :-
विगत केही दिन देखिको अविरल वर्षाका कारण आ-आफ़नो क्षेत्रमा भएको क्षतिको विवरण संकलन गरी तोकिए बमोजिमको Format मा जिल्ला प्रकाशन कार्यालय, सप्तरीमा पठाउन जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा जिल्लाका सम्पूर्ण स्थानीय तहलाई पत्र पठाई सकिएको भएतापनि सो विवरण हाल सम्म प्राप्त नभएको हुँदा यथाशीघ्र सो विवरण सम्बन्धित स्थानीय तहहरुले जिल्ला प्रशासन कार्यालय सप्तरीलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रतिलिपी प्रमाणित

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सप्तरी, राजविराज



प्रशासकीय अधिकृत